# राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

# उद्देश्य र कारण

नेपालको संविधानको धारा ५१ को खण्ड (क) (राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति) को क्र.सं. (६) मा राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने नीति राज्यले अवलम्बन गर्ने उल्लेख भएको। विद्यमान राष्ट्रिय सेवा दल ऐन, २०२७ को संशोधनबाट मात्र माथि उल्लिखित व्यवस्था सम्बोधन गर्न र ऐनलाई समय सापेक्ष बनाई कार्यान्वयन गर्न सहज नहुने भएकोले सो ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन तर्जुमा गर्नु परेको। विद्यालयमा अध्ययनरत विद्यार्थीमा देश प्रेम, जनसेवा, राष्ट्रिय एकताको भावना जगाई नैतिक र अनुशासित बनाउन तथा राष्ट्रिय आवश्यकताको आधारमा जुनसुकै नेपाली नागरिकलाई तालिम दिन र तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयं सेवकका रुपमा राष्ट्र सेवामा खटाउन सक्ने गरी कानूनी व्यवस्था गर्न आवश्यक परेकोले प्रस्तुत विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् रक्षा मन्त्री

## आर्थिक टिप्पणी

राष्ट्रिय सेवा दल ऐन, २०२७ को संशोधनबाट मात्र उल्लिखित व्यवस्था सम्बोधन गर्न, ऐनलाई समय सापेक्ष बनाई कार्यान्वयन गर्न सहज नहुने भएकोले विद्यमान राष्ट्रिय सेवा दल ऐन, २०२७ लाई प्रतिस्थापन गरी प्रस्तुत विधेयक तर्जुमा गर्नु परेको हो। प्रस्तावित विधेयक तर्जुमा गर्दा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार अर्थ मन्त्रालयबाट सहमति लिइसकिएको छ।

# राष्ट्रिय सेवा दल सम्बन्धी विधेयक तर्जुमा सम्बन्धी अवधारणापत्र

१. **नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :**

**(क) संवैधानिक कारणः**

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र मुलुकमा प्रवेश गरेस नेपालको संविधानले लिएको उद्देश्य बमोजिम राष्ट्रिय सेवाको भावना र उच्च मनोबल सहितको मानवस्रोत तयार पार्न तथा नेपालको संविधानको धारा ५१ को खण्ड (क) मा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिहरु उल्लेख भएको जसको प्रभावकारी कार्यान्वयनको लागि अन्य विषयका अलावा राष्ट्रिय आवश्यकता अनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने नीति उल्लेख गरिएको परिप्रेक्ष्यमा नयाँ विधेयक तर्जुमा गर्न आवश्यक भएको ।

**(ख) अन्तराष्ट्रिय दायित्वः ×**

**(ग) सर्वोच्च अदालतको फैसलाः ×**

**(घ) सरकारको नीति तथा कार्यक्रमः**

नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा युवा परिचालन सम्बन्धी सेमिनारको आयोजना गर्ने भनी उल्लेख भएको। उक्त सेमिनार सम्बन्धी योजनाको लागि तत्कालिन प्रधानसेनापति महारथी श्री पूर्णचन्द्र थापाको अध्यक्षतामा मिति २०७७।०१।२४ गते बसेको पि.एस.ओज् बैठक नं. ८३० मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन एवं विद्यमान आवश्यकतालाई मध्यनजर गरी राष्ट्रिय सेवा दलको नयाँ विधेयक तर्जुमा गर्ने निर्णय भएको ।

**(ङ) अन्य कुनै कारणः ×**

२. **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :**

(क) राष्ट्रिय सेवा दलको क्याडेटहरुलाई प्रयोग तथा परिचालन गर्ने सम्बन्धमा सार्वजनिक सेवा, पूर्वाधार विकास, विपद् व्यवस्थापन, महामारी नियन्त्रण, प्रकृति तथा पर्यावरण संरक्षण, संस्कृति तथा सम्पदा संरक्षण एवं संवर्द्धन, सुरक्षा, सेवा, खेलकुद, र तत्कालीन अवस्थामा आवश्यक ठानिने अन्य विविध क्षेत्रलाई सम्बोधन गर्नको लागि राष्ट्रिय सेवा दलको काम, कर्तव्य र जिम्मेवारीहरु निर्धारण हुने,

(ख) क्याडेटलाई अनुशासित, इमान्दार, स्वाभिमानी बनाउँदै राष्ट्रप्रेम, जनताप्रति सेवाभाव तथा राष्ट्रिय एकताको भावना जागृत गराउने र नेतृत्व क्षमताको विकास गर्ने,

(ग) विशेष परिस्थितिमा नेपाली सेनाको मातहतमा रही तोकिए बमोजिम परिचालन हुनसक्ने स्वयंसेवक तयार गर्ने,

(घ) नेपाली सेना, अन्य सुरक्षा निकाय, नेपाल सरकारका विभिन्न सेवाका लागि राष्ट्रिय भावनाले ओतप्रोत उच्च मनोबल सहितको मानवस्रोत तयार गर्ने,

(ङ) क्याडेटमा राष्ट्रिय मूल्य-मान्यता, मौलिक सभ्यता, परम्परा, संस्कृतिप्रति गौरवबोध गराई सांस्कृतिक सद्भाव र राष्ट्रिय एकताको भावनाको विकास गराउने,

(च) क्याडेटमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सदुपयोग तथा पर्यावरण संरक्षण गर्ने भावनाको विकास गराउने,

(छ) सेवा दललाई स्थानीय स्तरसम्म विस्तार गर्दै स्वयंसेवी भावनाले राष्ट्रप्रति समर्पित सक्षम नागरिक बनाउने ।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भए :**

**(क) ऐनको नामः** राष्ट्रिय सेवा दल ऐन, २०२७

**(ख) नियमावलीको नामः** ×

**(ग) गठन आदेशको नामः** ×

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण :** राष्ट्रिय सेवा दल ऐन, २०२७ लागू भएको लामो समय भएको । उक्त ऐनमा सिमित प्रावधान मात्र समेटिएको हुँदा ऐनको संशोधन गरेर संविधानको उद्देश्य पूरा गर्न तथा हालको संरचना र आवश्यकता अनुसार समग्र विषयहरु समावेश गर्न कठिन भएकोले नयाँ ऐनको तर्जुमा गर्न आवश्यक भएको ।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो :** ×

६. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी :** ×

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :** भारत, National Cadet Corps Act (Act XXXI of 1948) ।

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा :** ×

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः ×

१०. **प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :** ×

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :** ×

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः**

१. **राष्ट्रिय सेवा दल रहने:** आधारभूत वा माध्यमिक शिक्षामा अध्ययन गर्ने विद्यार्थीलाई राष्ट्र सेवाभाव विकास गरी स्वयंसेवकको रूपमा सहभागी गराउन सक्षम जनशक्ति तयार गर्ने प्रयोजनका लागि तालिम प्रदान गर्न एक राष्ट्रिय सेवा दल रहनेछ। काठमाडौं उपत्यकामा सेवा दलको मुख्यालय र आवश्यकता अनुसार विभिन्न स्थानमा सेवा दलको शिक्षालय रहनेछ।

२. **सेवा दलको काम, कर्तव्य र अधिकारः** राष्ट्रिय सेवा दलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेः-

(क) विद्यार्थीलाई अनुशासित, बफादार, इमान्दार, स्वाभिमानी बनाउँदै राष्ट्रप्रेम, जनताप्रति सेवाभाव तथा राष्ट्रिय एकताको भावना जागृत गराउने र नेतृत्व क्षमताको विकास गराउने,

(ख) विकास निर्माण कार्यमा सहयोग पुऱ्याउन सक्ने स्वयंसेवक समूह तयार गर्ने,

(ग) विशेष परिस्थितिमा स्वयंसेवकको रुपमा तोकिए बमोजिम परिचालन हुनसक्ने जनशक्ति तयार गर्ने,

(घ) अन्य काम नियमावलीमा तोक्ने गरी व्यवस्था गर्ने।

३.**जनशक्ति सम्बन्धी व्यवस्था:** राष्ट्रिय सेवा दलको तालिम अवधिभरको लागि आवश्यक पर्ने प्रशिक्षक बहालवाला सैनिकबाट खटाइने।

४.**विद्यालय छनौट गर्ने आधार**ः नेपाली सेनाको सम्बन्धित निकाय, शिक्षा समन्वय निकाय र स्थानीय तहका निकायसँग समन्वय गरी छनौट गर्नु पर्ने।

५.**प्रमुख संरक्षक र संरक्षकको व्यवस्था:** प्रधानमन्त्री सेवा दलको प्रमुख संरक्षक र रक्षा मन्त्री संरक्षक हुनेछ ।

६.**निर्देशक समिति**ः सेवा दलको नीतिगत विषयमा आवश्यक निर्देशन दिन रक्षा मन्त्रीको संयोजकत्वमा एक निर्देशक समिति रहने।

७.**कार्यकारी महानिर्देशकको नियुक्तिः** सेवा दलको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न प्रधान सेनापतिको सिफारिसमा अवकाश प्राप्त उपरथी मध्येबाट नेपाल सरकारले दुई बर्षको लागि कार्यकारी महानिर्देशक पदमा नियुक्ति गर्ने।

८.**विशेष परिस्थिति र युद्ध वा आन्तरिक द्वन्द्वको समयमा तालिम प्रदान गर्न सकिने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति र युद्ध वा आन्तरिक द्वन्द्वको समयमा जुनसुकै नेपाली नागरिकलाई सेवा दलको तालिम गराउन सकिने ।

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

राष्ट्रिय सेवा दल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा सेवा दलको तालिम सञ्चालन गर्न आवश्यक पर्ने लगायत अन्य सबै व्यवस्था प्रस्तावित विधेयकमा समावेश भइसकेको र यसको लागि नियमावलीको तर्जुमा गर्न आवश्यक पर्ने नदेखिंदा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छैन। सेवा दलले तालिम सञ्चालन गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था विधेयकमा गरिएको छ।

# राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | विधेयकको नाम र विधेयक लागु हुने मिति स्पष्ट पार्न आवश्यक भएकोले। |
| २. | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दलाई थप स्पष्ट पार्नु पर्ने तथा पटक पटक दोहोरिएका शब्दहरुलाई परिभाषित गर्न आवश्यक भएकोले। |
| ३. | राष्ट्रिय सेवा दल | विद्यार्थीहरुलाई देश प्रेमी, जनसेवी, नैतिकवान र अनुशासित बनाउन अन्तर्राष्ट्रिय अभ्यास अनुरुप हुने गरी राष्ट्रिय सेवा दलको स्थापना भएको र कार्य सहजताको लागि सेवा दलको मुख्यालय हालकै स्थानमा रहने गरी प्रस्ताव गरिएको छ । |
| ४. | सेवा दलको सङ्गठनात्मक संरचना | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०७।०३ गतेको निर्णयबमोजिम नेपाली सेनाको साङ्गठनिक पुनर्संरचना-२०७८ (परिमार्जित) मा राष्ट्रिय सेवा दलको दरबन्दीको व्यवस्था भएको । साथै, शिक्षालय सञ्चालनको लागि आवश्यक जनशक्ति नेपाली सेनाबाट खट्टिने र थप जनशक्ति आवश्यक भएमा मात्र नेपाल सरकारले निजामती सेवा र अन्य सेवाबाट जनशक्ति काजमा खटाउन सक्ने प्रस्ताव गरिएको छ। |
| ५. | संरक्षक | विद्यमान ऐनमा भएको व्यवस्था अनुसार हुने गरी प्रचलित अभ्यासलाई निरन्तरता दिइएको छ । |
| ६. | निर्देशक समिति | सैद्धान्तिक सहमति, साङ्गठनिक पुनर्संरचना, कार्यप्रकृति, बजेट व्यवस्थापन, वार्षिक योजना र सञ्चालन लगायतका कार्य गर्ने निकायहरुलाई समावेश गरी समितिको बनावट प्रस्ताव गरिएको छ। |
| ७. | समितिको बैठक | प्रचलित व्यवस्था अनुसार सेवा दलका तालिम तथा कार्यक्रमहरुलाई थप मार्गनिर्देशन गर्न बैठकहरु सञ्चालन गर्न आवश्यक भएकोले प्रस्ताव गरिएको छ। |
| ८. | समितिको काम, कर्तव्य र | प्रस्तावित कार्ययोजना, राष्ट्रिय सेवा दलको सञ्चालनका लागि |

| | | |
|---|---|---|
| | अधिकार | आवश्यक निर्देशन प्रदान गर्न र समय सापेक्ष रुपमा कार्यप्रकृति अनुसार तालिमको छनोट, सञ्चालन र अन्य नियम र मापदण्डहरु निर्माण गर्नको लागि काम, कर्तव्य र अधिकार तोक्न आवश्यक भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ । |
| ९. | महानिर्देशक | नेपाल सरकारबाट भएको निर्णय र विद्यमान राष्ट्रिय सेवा दलको साङ्गठनिक पुनर्संरचनामा उल्लेख भए सरह हुने गरी प्रस्ताव गरिएको छ । |
| १०. | महानिर्देशकको पद रिक्त हुने अवस्था | नेपाल सरकारबाट नियुक्त हुने महानिर्देशकको सेवा अवधि र पद मुक्त सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ। |
| ११. | महानिर्देशकको काम, कर्तव्य र अधिकार | प्रशासकीय प्रमुखको रुपमा रहने महानिर्देशकको काम, कर्तव्य र अधिकारलाई स्पष्टता प्रदान गर्न आवश्यक भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ । |
| १२. | शिक्षालय | नेपाल सरकारबाट भएको सहमति र स्वीकृत साङ्गठनिक पुनर्संरचना अनुसार प्रस्ताव गरिएको छ । |
| १३. | शिक्षालयको काम, कर्तव्य र अधिकार | विद्यमान व्यवस्था र नेपाल सरकारबाट स्वीकृत साङ्गठनिक पुनर्संरचना अनुसार शिक्षालयको काम, कर्तव्य र अधिकार प्रस्ताव गरिएको छ। |
| १४. | विद्यार्थी छनौट गर्ने विधि | अन्तर्राष्ट्रिय अभ्यास, सेवा दलबाट हाल भइरहेको कार्यप्रकृति र मापदण्ड समेतलाई आधार मानी सोही बमोजिम विद्यालय र विद्यार्थी छनोट सम्बन्धी प्रस्ताव गरिएको छ । |
| १५. | तालिमको तह र योग्यता | अन्तर्राष्ट्रिय अभ्यास र विद्यमान शैक्षिक प्रणाली अनुसार जुनियर र सिनियर डिभिजन तह र उमेर निर्धारण गरी तालिममा सहभागी हुने विद्यार्थीको अभिभावक र विद्यालयलाई समेत जवाफदेही बनाउन आवश्यक रहेकोले सोही बमोजिम प्रस्ताव गरिएको छ। |
| १६. | तालिम सञ्चालनको विधि र प्रमाणपत्र | राष्ट्रिय सेवा दल तालिम सञ्चालन सम्बन्धमा हाल भइरहेको अभ्यासलाई आधार मानी सोही बमोजिम तालिमको विधि र तालिम पश्चात प्रदान गरिने प्रमाणपत्र समेतको सम्बन्धमा प्रस्ताव गरिएको |

| | | |
|---|---|---|
| | | छ । |
| १७. | तालिमबाट हटाउन सकिने | तालिममा सहभागी क्याडेटहरुको अनुशासन र आचरणको स्तर तथा प्रचलित कानूनी व्यवस्था समेतको आधारमा तालिमबाट हटाउन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । |
| १८. | तालिमबाट अलग हुनसक्ने | कुनै विशेष अवस्थामा तालिमरत क्याडेट तालिममा सहभागी हुन नसक्ने भई स्वेच्छिक रुपमा तालिमबाट अलग हुन चाहेमा सो समेतलाई सम्बोधन हुने गरी प्रस्ताव गरिएको छ । |
| १९. | राष्ट्रिय आवश्यकताको आधारमा तालिम दिने र राष्ट्र सेवामा खटाउनसक्ने | राष्ट्रिय आवश्यकताको समयमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम जुनसुकै नेपाली नागरिकलाई सेवा दलले तालिम दिने तथा स्वयंसेवकको रुपमा खटाउन सक्ने भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ। |
| २०. | बजेट व्यवस्थापन | प्रचलित कानून बमोजिम प्रस्ताव गरिएको छ। |
| २१. | पुरस्कार प्रदान गर्नसक्ने | कार्यरत प्रशिक्षक र कर्मचारी तथा तालिमरत क्याडेटलाई उत्प्रेरणा प्रदान गर्न विद्यमान अभ्यास प्रस्ताव गरिएको छ। |
| २२. | समन्वय गर्नसक्ने | सेवा दलमा सञ्चालन हुने तालिमलाई समयसापेक्ष रुपमा उत्कृष्ट ढंगले सञ्चालन गर्ने प्रयोजनको लागि विभिन्न निकायहरुसँग समन्वय गर्नुपर्ने भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ। |
| २३. | सहयोग उपलब्ध गराउनुपर्ने | सेवा दलमा सञ्चालन हुने तालिमको दौरान विभिन्न निकायहरुबाट सहयोग आवश्यक पर्ने भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ। |
| २४. | पोशाक सम्बन्धी व्यवस्था | तालिममा सहभागी क्याडेट, महानिर्देशक र प्रशिक्षकलाई अझ बढी अनुशासित र मर्यादित बनाउन पोशाक सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ । |
| २५. | रासन | विद्यमान व्यवस्था अनुसार दोस्रो चरणको तालिममा तालिमरत क्याडेटहरुलाई तालिमको दौरान रासन आवश्यक पर्ने भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ । |
| २६. | आवास तथा बीमा | विद्यमान व्यवस्था अनुसार दोस्रो चरणको तालिममा तालिमरत |

| | | |
|---|---|---|
| | | क्याडेटहरुलाई तालिमको दौरान आवास तथा बीमा आवश्यक पर्ने भएकोले सोही बमोजिम प्रस्ताव गरिएको छ । |
| २७. | वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने | सेवा दलबाट हुने कार्यसम्पादनको सम्बन्धमा नेपाल सरकारलाई जानकारी उपलब्ध गराउन प्रस्ताव गरिएको छ। |
| २८. | निर्देशन दिनसक्ने | मन्त्रालयले सेवा दललाई आवश्यकता अनुसार नेपाली सेनामार्फत निर्देशन दिनसक्ने प्रस्ताव गरिएको छ। |
| २९. | कार्यविधि र मापदण्ड बनाउनसक्ने | ऐन बमोजिम गठित सेवा दलबाट सम्पादन हुने तालिम लगायतका अन्य कार्यहरुलाई समयसापेक्ष रुपमा सम्पादन गर्न, पारदर्शीता कायम गर्न र प्रचलित कानूनको मर्म र भावना समेतको कदर गर्दै कार्य प्रणालीमा सहजता प्रदान गर्ने उद्देश्य अनुरुप प्रस्ताव गरिएको छ। |
| ३०. | खारेजी र बचाउ | नयाँ ऐन जारी भएपश्चात पुरानो ऐनको खारेजी तथा सो बमोजिमको भएका काम कारबाहीको बैधता प्रदान गर्न कानूनी लेखनको सिद्धान्त बमोजिम प्रस्ताव गरिएको छ। |

# राष्ट्रिय सेवा दल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

१. **प्रस्तावना** : विद्यालयमा अध्ययनरत विद्यार्थीमा राष्ट्रिय एकता तथा राष्ट्रिय मूल्य मान्यताप्रति सम्मान र गौरव बोधको भावना जगाई देशप्रेमी, जनसेवी, नैतिकवान र अनुशासित जनशक्ति तयार गरी राष्ट्रिय आवश्यकताको आधारमा स्वयंसेवकको रूपमा राष्ट्र सेवामा परिचालनका लागि राष्ट्रिय सेवा दलको तालिम सञ्चालन सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय सेवा दल ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “क्याडेट" भन्नाले राष्ट्रिय सेवा दलले सञ्चालन गरेको तालिममा तालिमरत विद्यार्थी सम्झनुपर्छ।

(ख) "तालिम" भन्नाले राष्ट्रिय सेवा दलको तालिम सम्झनुपर्छ।

(ग) “प्रशिक्षक" भन्नाले राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्ने कार्यमा खटिएका सैनिक तथा गैर सैनिक व्यक्ति सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनुपर्छ।

(ङ) "महानिर्देशक" भन्नाले दफा ९ बमोजिमको महानिर्देशक सम्झनुपर्छ।

(च) "राष्ट्रिय आवश्यकता" भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको परिस्थिति वा अवस्था सम्झनुपर्छ।

(छ) "विद्यालय" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना वा सञ्चालन भएको सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(ज) "शिक्षालय" भन्नाले राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्नको लागि स्थापना भएको शिक्षालय सम्झनुपर्छ।

(झ) "समिति" भन्नाले दफा ६ बमोजिमको निर्देशक समिति सम्झनुपर्छ।

(ञ) "सेवा दल" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय सेवा दल सम्झनुपर्छ।

३. **राष्ट्रिय सेवा दल** : (१) विद्यालयमा अध्ययनरत विद्यार्थीलाई आवश्यक तालिम प्रदान गरी देशप्रेमी, जनसेवी, नैतिकवान र अनुशासित जनशक्ति तयार गर्न राष्ट्रिय सेवा दल रहनेछ।

(२) विद्यार्थीमा राष्ट्रिय एकता तथा राष्ट्रिय मूल्य मान्यताप्रति सम्मान र गौरव बोधको भावना जगाउनु राष्ट्रिय सेवा दलको प्रमुख उद्देश्य हुनेछ।

(३) राष्ट्रिय सेवा दललाई अङ्ग्रेजीमा नेशनल क्याडेट कोर (एनसिसि) भनिनेछ।

(४) राष्ट्रिय सेवा दलको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(५) राष्ट्रिय सेवा दलले आवश्यकताअनुसार देशका अन्य स्थानमा कार्यालय स्थापना गर्न सक्नेछ।

४. **सेवा दलको सङ्गठनात्मक संरचना** : (१) सेवा दलको संगठन संरचना र दरबन्दी मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले स्वीकृत गरेबमोजिम हुनेछ।

(२) सेवा दलको तालिम अवधिभरको लागि आवश्यक पर्ने प्रशिक्षक समितिले तोके बमोजिम नेपाली सेनाले बहालवाला सैनिकबाट खटाउनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा दललाई थप जनशक्ति आवश्यक पर्ने भएमा नेपाल सरकारले नेपाली सेना, नेपाल सरकारको निजामती सेवा र अन्य सेवाबाट समेत जनशक्ति काजमा खटाउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमका प्रशिक्षक तथा जनशक्तिले समितिले तोकेको ढाँचामा शपथ लिनु पर्नेछ।

५. **संरक्षक** : प्रधानमन्त्री सेवा दलको प्रमुख संरक्षक र रक्षा मन्त्री संरक्षक हुनेछ।

६. **निर्देशक समिति** : सेवा दलको सञ्चालन सम्बन्धमा नीतिगत विषयमा निर्णय गर्न र अन्य विषयमा शिक्षालयलाई आवश्यक निर्देशन दिन देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, रक्षा मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रधान सेनापति, नेपाली सेना | -सदस्य |
| (ग) | सचिव, रक्षा मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | -सदस्य |
| (ङ) | बलाध्यक्ष, नेपाली सेना | -सदस्य |
| (च) | महानिर्देशक, सेवा दल | -सदस्य-सचिव |

७. **समितिको बैठक** : (१) समितिको बैठक कम्तीमा वर्षको दुई पटक र आवश्यकताअनुसार जुनसुकै बखत बस्न सक्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय बैठकमा उपस्थित सबै सदस्यले प्रमाणित गर्नु पर्नेछ।

(७) समितिले आवश्यकताअनुसार बैठकमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सेवा दल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) सेवा दलको सुदृढीकरण सम्बन्धी रणनीति तथा योजना स्वीकृत गर्ने,

(ग) सेवा दलको वार्षिक कार्यक्रम र कार्ययोजना स्वीकृत गर्ने,

(घ) तालिममा रहने पाठ्यक्रम र प्रशिक्षण विधि स्वीकृत गर्ने,

(ङ) तालिम सञ्चालनको लागि विद्यालय छनोटको आधार स्वीकृत गर्ने,

(च) तालिममा सहभागी हुने विद्यार्थीको छनोट सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(छ) क्याडेटले पालना गर्नुपर्ने अनुशासन सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ज) नेपालमा तालिमप्राप्त गरेका विद्यार्थी र अन्य देशमा एनसिसि वा सो सरहको तालिमप्राप्त विदेशी विद्यार्थीबीच अनुभव आदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड निर्धारण गर्ने, र

(झ) तालिम पूरा गरेका इच्छुक विद्यार्थीलाई प्रचलित कानून बमोजिम पूर्व विद्यार्थी समूह (अलुम्नाई) गठन गर्न स्वीकृति दिने।

९. **<u>महानिर्देशक</u>** : (१) सेवा दलको प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रधान सेनापतिको सिफारिसमा अवकाशप्राप्त उपरथीमध्येबाट एक जनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले महानिर्देशकमा नियुक्ति गर्नेछ।

(२) महानिर्देशकको पदावधि दुई वर्षको हुनेछ।

(३) महानिर्देशकको पारिश्रमिक, सेवा र सुविधा नेपाली सेनाको उपरथी सरह हुनेछ।

तर, निजले निवृत्तभरण बापतको रकम लिइरहेको भए यस उपदफा बमोजिमको सुविधा वा निवृत्तभरण रकम मध्ये निजले रोजे बमोजिमको एउटा सुविधा मात्र पाउनेछ।

१०. **<u>महानिर्देशकको पद रिक्त हुने अवस्था</u>** : (१) देहायको अवस्थामा महानिर्देशकको पद रिक्त हुनेछः-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर साठी वर्ष पूरा भएमा,

(ग) उपदफा (२) बमोजिम पदमुक्त भएमा, वा

(घ) निजको मृत्यु भएमा।

(२) प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको अवस्थामा महानिर्देशकलाई पद मुक्त गर्नेछः-

(क) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) पदीय आचरण पालना नगरेमा, वा

(घ) शारीरिक तथा मानसिक रूपले अक्षम भई कार्यसम्पादन गर्न नसक्ने भएमा।

(३) उपदफा (२) बमोजिम पदमुक्त गर्नु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

११. **<u>महानिर्देशकको काम, कर्तव्य र अधिकार</u>** : महानिर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सेवा दलको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने,

(ख) तालिम सञ्चालन सम्बन्धी वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी समितिसमक्ष पेस गर्ने,

(ग) दफा १४ को उपदफा (३) बमोजिम छनोट भएका विद्यालयको तालिम सम्बन्धी बिषयमा अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने,

(घ) सेवा दलमा कार्यरत जनशक्तिको वृत्ति विकास, तालिम तथा अन्य सुविधाका सम्बन्धमा योजना बनाउने र सोको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने,

(ङ) सेवा दलमा कार्यरत जनशक्तिको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्ने, गराउने,

(च) सेवा दलबाट तालिमप्राप्त विद्यार्थीको विद्युतीय अभिलेख राख्ने र नियमित रूपमा अद्यावधिक गर्ने, गराउने,

(छ) आवश्यकता अनुसार तालिम प्राप्त विद्यार्थीको अभिलेख समितिको स्वीकृति लिई नेपाली सेनाको स्थानीय निकायमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने,

(ज) तालिमको पाठ्यक्रम समयसापेक्ष सुधार गर्न अध्ययन गरी समितिसमक्ष पेश गर्ने,

(झ) तालिम सञ्चालनको लागि विद्यालय छनोटको आधार तयार गर्ने,

(ञ) नेपालमा तालिमप्राप्त गरेका विद्यार्थी र अन्य देशमा एनसिसि वा सो सरहको तालिमप्राप्त विदेशी युवाबीच अनुभव आदान प्रदान गर्न समन्वय र व्यवस्थापन गर्ने,

(ट) तालिम प्रयोजनको लागि विद्यालयहरूसँग समन्वय र सहकार्य गर्ने,

(ठ) सेवा दलको सुदृढीकरण सम्बन्धी आगामी रणनीति तथा योजना तयार गरी समितिसमक्ष पेस गर्ने,

(ड) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने।

१२. **शिक्षालय** : (१) राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्न सो दल अन्तर्गत नेपाली सेनाको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको स्थानमा शिक्षालय रहनेछ।

(२) प्रधानसेनापतिले नेपाली सेनामा कार्यरत सैनिक अधिकृतलाई शिक्षालय प्रमुखको रूपमा काम गर्न तोक्नेछ।

(३) शिक्षालय प्रमुखको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ।

१३. **शिक्षालयको काम, कर्तव्य र अधिकार** : शिक्षालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा दलको तालिममा सहभागिताका लागि सो दलले छनोट गरेको विद्यालयका विद्यार्थीहरूबाट समितिले निर्धारण गरेको मापदण्डको आधारमा विद्यार्थी छनोट गर्ने,

(ख) समितिले तोकेको समयमा तालिम सञ्चालन गर्ने,

(ग) तालिम सञ्चालनको क्रममा आवश्यकता अनुसार अन्य निकायहरूसँग समन्वय गर्ने,

(घ) समितिको निर्देशन पालना गर्ने, गराउने, र

(ङ) समितिले तोके बमोजिमको अन्य काम गर्ने।

१४. **<u>विद्यार्थी छनोट गर्ने विधि</u>** : (१) तालिम सञ्चालन पूर्व उपयुक्त माध्यमबाट तालिम सम्बन्धमा स्थानीय विद्यालयहरूलाई जानकारी गराउनु पर्नेछ।

(२) तालिममा सहभागी हुन इच्छुक विद्यालयले सेवा दलको कार्यालयमा समितिले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा समितिले स्वीकृत गरेबमोजिमको आधारमा सेवा दलले विद्यालय छनोट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विद्यालय छनोट गर्दा नेपाली सेनाको स्थानीय निकायले जिल्ला स्थित सम्बन्धित शिक्षा कार्यालय र स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम विद्यालय छनोट गर्दा सामुदायिक र संस्थागत, दुर्गम, सीमान्तकृत तथा सुरक्षा संवेदनशील क्षेत्रमा रहेका विद्यालयलाई प्राथमिकता दिनु पर्नेछ।

(६) शिक्षालयले उपदफा (३) बमोजिम छनोट गरिएको विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट समितिले निर्धारण गरेको मापदण्डको आधारमा विद्यार्थी छनोट गरी तालिम दिनेछ।

**<u>तालिमको तह र योग्यता</u>** : (१) दफा १४ बमोजिम छनोट भएका विद्यार्थीलाई सेवा दलले दिने तालिमको तह देहायबमोजिम हुनेछ :-

(क) जुनियर डिभिजन तह,

(ख) सिनियर डिभिजन तह।

(२) विद्यालयमा कक्षा आठदेखि दशसम्म अध्ययनरत विद्यार्थी जुनियर डिभिजन तहको तालिममा सहभागी हुन योग्य हुनेछ।

(३) विद्यालयमा कक्षा एघार र बाह्रमा अध्ययनरत विद्यार्थी सिनियर डिभिजन तहको तालिममा सहभागी हुन योग्य हुनेछ।

(४) उपदफा (२) बमोजिमको जुनियर डिभिजन तालिममा छनोट गर्दा तेह्र वर्ष उमेर पूरा भई अठार वर्ष ननाघेको र उपदफा (३) बमोजिमको सिनियर डिभिजन तालिममा छनोट गर्दा सोह्र वर्ष उमेर पूरा भई एक्काइस वर्ष ननाघेको विद्यार्थी छनोट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम तालिममा सहभागी हुनुपूर्व सम्बन्धित विद्यार्थीको अभिभावक वा संरक्षक र विद्यालयले समितिले तोकेको ढाँचामा कबुलियतनामा पेस गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम छनोट भएका विद्यार्थीले तालिम सुरु हुनुअघि समितिले तोकेको ढाँचामा शपथ लिनु पर्नेछ।

१५. **<u>तालिम सञ्चालनको विधि र प्रमाणपत्र</u>** : (१) शिक्षालयले क्याडेटलाई कम्तीमा दुई चरणमा तालिम दिनेछ।

(२) उपदफा (१) बमोजिमको तालिम समितिले तोकेबमोजिम पहिलो चरणमा विद्यार्थी अध्ययनरत विद्यालयमा र दोस्रो चरणमा शिक्षालयमा दिइनेछ।

(३) तालिम सञ्चालनको अवधि र अन्य विधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(४) तालिम सम्पन्न भएपश्चात् क्याडेटलाई प्रमाणपत्र प्रदान गरिनेछ।

१६. **तालिमबाट हटाउन सकिने** : (१) शिक्षालय प्रमुखले देहायको कुनै अवस्थामा क्याडेटलाई तालिमबाट हटाउन सक्नेछ :-

(क) सम्बन्धित विद्यालयको विद्यार्थी नरहेमा,

(ख) समितिले निर्धारण गरेको अनुशासन मापदण्ड उल्लङ्घन गरेमा,

(ग) तालिम गर्नको लागि शारीरिक तथा मानसिक रूपमा अक्षम भएको चिकित्सकले प्रमाणित भएमा, वा

(घ) प्रचलित कानूनबमोजिम फौजदारी कसुरमा संलग्न भई अनुसन्धान तथा तहकिकातको प्रक्रियामा रहेमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तालिमबाट हटाउनु अघि क्याडेटलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

१७. **तालिमबाट अलग हुनसक्ने** : (१) क्याडेटले तालिममा सहभागी हुन नसक्ने व्यहोरा खुलाई शिक्षालय प्रमुखसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन मनासिव र औचित्यपूर्ण देखिएमा शिक्षालय प्रमुखले तालिमबाट अलग हुन अनुमति दिन सक्नेछ।

१८. **राष्ट्रिय आवश्यकताको आधारमा तालिम दिने र राष्ट्र सेवामा खटाउन सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक देखेमा राष्ट्रिय आवश्यकताको आधारमा सेवा दलले अन्य व्यक्ति तथा संस्थालाई समेत तालिम दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको तालिम लिन चाहने व्यक्ति वा संस्थाले सेवा दलको कार्यालयमा निवेदन दिन सक्नेछ।

(३) नेपाल सरकारले यस ऐन बमोजिम तालिम लिएका विद्यार्थी र उपदफा (१) बमोजिम तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयंसेवकका रूपमा राष्ट्र सेवामा खटाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम तालिम दिने र उपदफा (३) बमोजिम स्वयंसेवकका रूपमा राष्ट्र सेवामा खटाउने व्यवस्था नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरेबमोजिम हुनेछ।

१९. **बजेट व्यवस्थापन** : मन्त्रालयलाई सालबसाली रूपमा प्राप्त हुने बजेट सीमाभित्रबाट सेवा दललाई आवश्यक पर्ने बजेट व्यवस्थापन गरिनेछ।

२०. **पुरस्कार प्रदान गर्नसक्ने** : सेवा दलले प्रशंसनीय काम गर्ने प्रशिक्षक, कर्मचारी तथा क्याडेटलाई महानिर्देशकको सिफारिसमा समितिले तोकेबमोजिम पुरस्कार प्रदान गर्न सक्नेछ।

२१. **समन्वय गर्नसक्ने** : सेवा दलले यस ऐनबमोजिम तालिम सञ्चालन गर्ने प्रयोजनको लागि आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गर्न सक्नेछ।

२२. **सहयोग उपलब्ध गराउनुपर्ने** : (१) सेवा दलले यस ऐनको कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतका निकायमा सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोग माग भई आएमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नु पर्नेछ।

२३. **पोशाक सम्बन्धी व्यवस्था** : (१) सेवा दलको महानिर्देशक, प्रशिक्षक तथा क्याडेटले समारोह, कार्यक्रम, उत्सव तथा फिल्डमा नेपाली सेनाले निर्धारण गरे बमोजिमको पोशाक लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पोसाक नेपाली सेनाले उपलब्ध गराउनेछ।

२४. **रासन** : शिक्षालयले तालिममा सहभागी क्याडेटलाई समितिले तोकेबमोजिम रासन उपलब्ध गराउनु पर्नेछ।

२५. **आवास तथा बीमा** : (१) तालिममा सहभागी हुने क्याडेटलाई आवश्यकताअनुसार सेवा दलले आवासको व्यवस्था गर्नेछ।

(२) तालिममा सहभागी हुने क्याडेटको लागि समितिले तोकेबमोजिमको बीमाको व्यवस्था गर्नु पर्नेछ।

२६. **वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने** : (१) सेवा दलले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम कारबाहीको प्रगति विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नेपाली सेनामार्फत मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम पेश भएको प्रगति विवरण सार्वजनिक गर्नेछ।

२७. **निर्देशन दिन सक्ने** : मन्त्रालयले सेवा दललाई आवश्यकता अनुसार नेपाली सेनामार्फत निर्देशन दिन सक्नेछ।

२८. **कार्यविधि र मापदण्ड बनाउनसक्ने** : (१) समितिको स्वीकृतिमा सेवा दलले तालिम सञ्चालन गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि र मापदण्ड मन्त्रालयले स्वीकृत गरेपछि लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यविधि र मापदण्ड सेवा दलले सार्वजनिक गर्नु पर्नेछ।

२९. **खारेजी र बचाउ** : (१) राष्ट्रिय सेवा दल ऐन, २०२७ खारेज गरिएको छ।

(२) राष्ट्रिय सेवा दल ऐन, २०२७ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।